सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ६ अङ्क ४२ असार २२ आईतबार

# सरकारको दृष्टिकोणबाट समावेशी शिक्षामा

शिक्षा समावेशिताको मेरुदण्ड हो। संविधानले तोकेको 'सबैका लागि शिक्षा' को लक्ष्यलाई व्यवहारमा पुऱ्याउन स्थानीय सरकारको भूमिका निर्णायक हुन्छ। भूमे गाउँपालिका–९ डाडागाउँमा अवस्थित श्री मदन स्मृति आधारभूत विद्यालय त्यसैको एक प्रेरक उदाहरण बनेको छ। शुद्ध दलित (विश्वकर्मा) समुदायको सक्रियतामा स्थापना भएको यो विद्यालयले **'समान अवसर, समावेशी पहुँच'** दिएको छ।

स्थानीय सरकारले यो विद्यालयलाई दलित समुदायको आत्मबल, सामाजिक प्रतिवद्धता र परिवर्तनको चाहना को प्रतिबिम्बका रूपमा लिएको छ। बालविकासदेखि कक्षा ५ सम्म सञ्चालन भइरहेको विद्यालयमा जातीय भेदभाव होइन, आत्मसम्मानको संस्कृति विकास हुँदै गएको छ। समुदाय र शिक्षकबीचको सहकार्य, विद्यार्थीको अनुशासन र महियशला नेतृत्वको सशक्त उपस्थितिले यस विद्यालयलाई समावेशी शिक्षाको सफल अभ्यासस्थल बन्दा यो गौरव विषय हो।
गाउँपालिकाले विद्यालयका आधारभूत संरचना सुधार, छात्रवृत्ति, पाठ्यपुस्तक, खाजा, खानेपानी, शौचालय जस्ता सेवामा निरन्तर सहयोग गर्दै आएको छ। अझै केही अपुग पक्षहरू - जस्तै शिक्षक संख्या, डेस्कबेञ्च, पोषण कार्यक्रम - मा सुधारको आवश्यकता रहेकाले संघीय र प्रदेश सरकारसँग सहकार्य गरेर गाउँपालिकाले त्यसतर्फ केन्द्रित रहेको छ।

शिक्षा भनेको केवल पढाइ मात्र होइन, सामाजिक न्याय र समानताको आधार पनि हो। भूमे गाउँपालिका समाजका सबै तह, जात, वर्गका बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न सकून् भन्ने लक्ष्यका साथ अघि बढिरहेको छ। डाडागाउँको श्री मदन स्मृति विद्यालय जस्ता पहलहरूलाई **"नमूना दलित विद्यालय"** को रूपमा मान्यता दिनसके, यस्ता अभ्यासहरू देशभर फैलिन सक्छन्।

डाडागाउँको शुद्ध दलित बस्तीले स्थापना गरेको यो विद्यालय आत्मबल, सामुदायिक संकल्प र सामाजिक परिवर्तनको सूचक हो। यस्ता प्रयासहरूलाई भूमे गाउँपालिकाले अगाडि बढाउन अग्रसर रहेको छ।



प्रकाशक

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लम्बिनी प्रदेश नेपाल

# दलित समुदायमा सञ्चालित एक नमुना सरकारी विद्यालय




❖ *सुमित्रा परियार,रुकुमपूर्व*

रुकुमपूर्वको भूमे गाउँपालिका–९ डाडागाउँमा अवस्थित श्री मदन स्मृति आधारभूत विद्यालय देशकै पहिलो 'शुद्ध दलित बस्ती'मा सञ्चालनमा आएको सरकारी विद्यालयको रूपमा स्थापित हुँदै गएको छ। जातीय समावेशिता, सामाजिक पहिचान र शैक्षिक पहुँचको दृष्टिले यो विद्यालय समावेशी शिक्षाको अद्वितीय उदाहरण बनेको छ।

चुन्बाङको डाडागाउँमा जम्मा ६५ घरधुरी छन्। सबैजना विश्वकर्मा (दलित) समुदायका हुन्। यही गाउँमा रहेको श्री मदन स्मृति आधारभूत विद्यालयमा हाल बाल विकासदेखि कक्षा ५ सम्मको पठनपाठन हुँदै आएको छ। अन्य कुनै जातिको प्रवेश नभएको यो गाउँ र विद्यालय सामाजिक संरचनाको दृष्टिले विशुद्ध दलित समुदायले मात्र सञ्चालनमा ल्याएको सरकारी विद्यालयको दुर्लभ नमुना हो।

विद्यालयका प्रधानाध्यापक चेतराम नेपाली अनुसार यस विद्यालयमा जातीय घुलमिल छैन, भेदभाव पनि छैन। बालबालिकाले आत्मसम्मानसाथ शिक्षा लिइरहेका छन्, जुन अरू ठाउँमा सहज छैन।"विद्यालय सशस्त्र द्वन्द्वका क्रममा सहादत प्राप्त जनमुक्ति सेनाका मदन सुनारको स्मृतिमा २०६४ सालमा स्थापना गरिएको नेपालीले बताउनुभयो।

हाल विद्यालयमा ५० जना विद्यार्थी अध्ययनरत छन् भने चारजना शिक्षक (२ पुरुष र २ महिला) कार्यरत छन्। विद्यालयमा शौचालय, पिउने पानी, छात्रवृत्ति, खाजा र पाठ्यपुस्तकको उपलब्धता

पर्याप्त मात्रामा रहेको छ। विद्यालयका विद्यार्थीहरू पनि शिक्षण व्यवस्थाबाट सन्तुष्ट देखिन्छन्। कक्षा ५ मा अध्ययनरत अकेश सुनार र सनीता महर भन्छन्,"पाठ्यपुस्तक, खाजा , छात्रवृत्तिको अभाव छैन। पढ्न सहज छ।"विद्यालयका संस्थापक अध्यक्ष पलबहादुर विक भन्छन्, "शुद्ध दलित बालबालिकाका लागि सुरक्षित र सहज शिक्षण वातावरण सिर्जना गर्न हामी प्रारम्भदेखि नै प्रतिबद्ध छौं।"यस्तै बालविकास शिक्षिका यलिसा महरका अनुसार जातीय भेदभावको अनुभूति डाडागाउँमा कहिल्यै छैन।

"यसले बालबालिकामा आत्मविश्वास बढाएको महरले बताए। शिक्षिका जीवनरेखा सुनारले शिक्षक, अभिभावक र समुदायको सक्रियताले विद्यालयका धेरै समस्या समाधानमा टेवा पुगेको बताए।

गाउँपालिका कार्यपालिका सदस्य भागिलाल दमाई भन्छन्, "गुणस्तरीय शिक्षा दिन सकेमा अन्य ठाउँका बालबालिका पनि यहाँ पढ्न आउन सक्छन्। राज्यले यस्ता विद्यालयलाई थप प्राथमिकता दिनुपर्ने दमाईले बताउनुभयो।

वडाध्यक्ष विनोद बुढाले शिक्षक अभाव, डेस्कबेन्चको कमी, पोषणका लागि अन्डा वितरण जस्ता कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभएको छ।

पाठ्यक्रम सुधारतर्फ पहल भइरहेको र अझै नयाँ योजना वडाले ल्याउन बाँकी रहेका बढाले बताउनुभयो। मदन स्मृति आधारभूत विद्यालय जातीय समावेशिता, सामाजिक न्याय र शिक्षामा पहुँचका दृष्टिले राष्ट्रिय स्तरमै अनुकरणीय बन्दै गएको छ। यस्तो विद्यालयलाई थप स्रोतसाधन र नीतिगत समर्थन गरिएमा दलित बस्तीहरूमा गुणस्तरीय शिक्षाको नयाँ ढोका खुल्ने सम्भावना छ।

# भूमेमा रोजगार सम्बन्धी अन्तरक्रिया




❖ *सासाहिक संवादाता*

रुकुमपूर्वको भूमे गाउँपालिकामा रोजगार सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको छ। बिहीबार खाबाङ बगर कार्यक्रम स्थित गाउँपालिकाको सभाहलमा प्रधानमन्त्री रोजगार अन्तर्गतको रोजगार सेवा केन्द्रको आयोजनामा रोजगार सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको हो। 'सबैका लागि रोजगार, संवैधानिक अधिकार' भन्ने नारा सहित रोजगार

वर्ष ६ अङ्क ४२ २०८२ असार २२
आईतबार

रणनीति, संवाद मञ्च र वैदेशिक रोजगार सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको गाउँपालिकाका रोजगार सेवा केन्द्रका रोजगार संयोजक विनोद बिकले बताउनुभयो। अन्तरक्रिया कार्यक्रममा वैदेशिक रोजगार सम्बन्धी जानकारी साथै नेपालमा रोजगारको अवस्थाबारे अन्तरक्रिया गरिएको संयोजक बिकले जानकारी दिनुभयो।

अन्तरक्रिया कार्यक्रममा सहभागीले वैदेशिक र स्वदेश रोजगारीको अवस्थाबारे छलफल गरिएको थियो। संघीय सरकारले ठूलो संख्यामा रोजगार दिने खालको आयोजना सञ्चालनमा ल्याउनु पर्ने भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

गाउँपालिकाको ठूलो आयोजना सञ्चालन गर्ने कार्यक्षेत्र पर्दैन् र ठूलो लगानी गर्ने बजेट पनि नभएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। यद्यपि गाउँपालिकाले आफ्नो स्रोतले धान्ने सम्मको हाल रोजगारी सिर्जना गरिराखेको श्रेष्ठले बताउनुभयो।

अन्तरक्रिया कार्यक्रममा रोजगारको नीतिगत, हालको रोजगारको अवस्थाबारे रोजगार संयोजक विनोद बिकले प्रस्तुतिकरण राख्नु भएको थियो भने कार्यक्रमको सहजिकरण रोजगार प्राविधिक सुनिल बुढामगरले गर्नु भएको थियो।

अन्तरक्रिया कार्यक्रममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, वडाध्यक्षहरु, वडा सदस्यहरु र स्थानीयको उपस्थिति रहेको थियो।

# किसानलाई कागतीको बिरुवा ५० प्रतिशत अनुदानमा वितरण

❖ सुमित्रा परियार

रुकुमपूर्वको भूमे गाउँपालिका –९ चुन्बाङमा किसानहरूलाई कागतीको बिरुवा वितरण गरिएको छ। गाउँपालिका र वडा कार्यालयको ५० प्रतिशत अनुदानमा गाउँपालिकाको कृषि सेवा केन्द्र र वडा नं. ९ कार्यालयको सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको हो। सो योजना किसानहरुको माग सङ्कलनको धारमा अघि बढाइएको हो। गाउँपलिका कृषि प्राविधिक विशाल पुनमगरले बताउनु भएको छ। कार्यक्रमको लागि गाउँपालिका र वडाले संयुक्त रूपमा ५२ हजार रुपैयाँ बराबरको बजेट छुट्याएको थियो। ५० प्रतिशत किसानको सहभागितासहित कुल १ लाख ४ हजार रुपैयाँ बराबरको बिरुवा खरिद गरिने योजना बनाइएको थियो। १ सय १९ जना किसानलाई वितरण छ।

विगतमा परम्परागत खेतीमा सीमित किसानहरू अहिले फलफूल खेतीतर्फ आकर्षित हुन थालेका छन्। गाउँपालिकाले समेत आगामी वर्षदेखि कृषिमा बजेट वृद्धि गर्दै व्यावसायिक कृषि प्रवर्द्धन गर्ने तयारी वडाध्यक्ष विनोद बुढामगरले बताउनुभयो। कागती, सुन्तला, अदुवा, लसुन नगदे जस्ता बालीले चुन्बाङ्गका किसानको जीवन बदल्ने लक्ष्य रहेको वडा अध्यक्ष बुढाले बताउनुभयो।

# महतमा मानसिक स्वास्थ्य सम्बन्धी सडक नाटक




❖ *जालकुमार सुनार*

मानसिक स्वास्थ्यप्रति चेतना फैलाउने उद्देश्यले भूमे गाउँपालिका–६ महतमा शुक्रबार सडक नाटक सम्पन्न भएको छ। भूमे गाउँपालिका वडा नं. ६ को आर्थिक सहयोग र श्री जन जागृती मावि, महतको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा समाजमा व्याप्त मानसिक समस्या, पारिवारिक हिंसा, जुवातासजस्ता कुलत र अशिक्षाको प्रभावमाथि सशक्त प्रस्तुति गरिएको थियो।

सडक नाटकमा तीन दृश्य प्रस्तुत गरिएको थियो। पहिलो दृश्यमा घरायसी कलहका कारण सन्तानमा देखा पर्ने मानसिक समस्यालाई चित्रण गरिएको थियो। दोस्रो दृश्यमा जुवातासजस्ता कुलतले परिवार र समाजमा पार्ने नकारात्मक प्रभाव देखाइएको थियो भने तेस्रो दृश्यमा अभिभावकको अशिक्षाले बालबालिकाको शैक्षिक अवस्था कमजोर हुने विषयमा चेतना फैलाउने प्रयास गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि तथा गाउँपालिका उपाध्यक्ष सबिना बुढामगरले छोराछोरीलाई कुलतबाट जोगाउन नियमित विद्यालय अनुगमन गर्न अभिभावकहरूलाई आग्रह गर्नुभएको छ।

यस्तै वडाध्यक्ष बिक्रम पुनले समाजमा जरा गाडेका कु-संस्कार हटाउन आवश्यक रहेको बताउँदै बताउनुभयो। उहाँले घरपरिवारमा आपसी समझदारी र शान्ति हुनुपर्ने वडावासी नागरिकलाई आग्रह गर्नु भएको छ।

जन जागृति माविका शिक्षक अभिभावका अध्यक्ष सुवर्ण सुनारले हरेक सन्तानको भविष्य निर्माणका लागि अभिभावक आफैं बन्नुपर्ने धारणा राख्नु भएको थियो। उक्त सडक नाटक कार्यक्रममा विभिन्न सरकारी निकाय र नागरिकहरुको उपस्थित रहेको थियो।

भूमे साप्ताहिक
समाचार ६
वर्ष ६ अङ्क ४२ २०८२ असार २२
आईतबार

# हुलाक सेवालाई प्रविधि सेवामा रुपान्तरण गर्ने सुझाव



❖ *जयमान बुढामगर*

हुलाक सेवालाई प्रविधि सेवामा रुपान्तरण गर्नु पर्ने रुकुमपूर्वका सरोकारवाला निकायले सुझाव दिएका छन्। मंगलबार रुकुमपूर्व सिस्ने गाउँपालिका –६ रुकुमकोट स्थित चाइनिज होटेलमा जिल्ला हुलाक कार्यालय रुकुमपूर्वले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा जिल्ला स्थित सरोकारवाला निकायले यस्तो सुझाव दिएका हुन्।

अहिलेको युग विज्ञान प्रविधिको युग भएकोले परम्परागत रुपको हुलाक सेवालाई प्रविधिमुलक सेवामा रुपान्तरण गर्नु पर्ने जिल्ला समन्वय समिति रुकुमपूर्वकाक उपप्रमुख मोहनबहादुर केसीले बताउनुभयो।

विगतको हुलाक मार्फतको चिठीपत्र पठाउने र प्राप्त गर्ने युगबाट हाल मेल लगायत विभिन्न नेटइन्टरनेटको माध्यमबाट कामकाज भइराखेको उल्लेख गर्नु हुँदै हुलाक सेवालाई पनि प्रविधिसँग जोड्दिनु पर्ने केसीले सुझाव दिनुभयो।

विगतमा हुलाक मार्फत हुने काम हाल अनलाइन सेवा र कुरियर मार्फत भइरहेको उपप्रमुख केसीले बताउनुभयो।

त्यसकारण हुलाकले पनि अनलाइन र कुरियर मार्फत प्रविधिमुलक सेवामा हुलाकी सेवा रुपान्तरण गर्न उहाँले सुझाव दिनुभयो। समयले माग गरे अनुसार रुपान्तरण हुन र गर्न नसके जुनसुकै वस्तुको अस्तित्व मेटिदै जाने हुने उहाँले बताउनुभयो। त्यसैले समय अनुसार रुपान्तरण हुँदै अस्तित्वलाई बचाउनु पर्नेमा केसीले जोड

दिनुभयो। यसैगरी भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले पनि प्रविधिमा रुपान्तरण गर्दा व्यक्ति वा संस्थाको गोपनीयतालाई कायम राख्ने गरी रुपान्तरण गर्नु पर्ने सुझाव राख्नुभयो। हुलाकको हालको परम्परागत सेवालाई प्रविधिसँग जोड्दिनु नै पर्ने अध्यक्ष श्रेष्ठले बताउनु भयो। समय अनुकुलमा सेवा प्रवाह गर्नु पर्ने सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मीले सुझाव दिनुभयो। हुलाकले अब अनलाइन होम डेलिभरी सेवामा रुपान्तरण गर्नु पर्ने अध्यक्ष रेग्मीले बताउनुभयो। प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले पनि हुलाक कार्यालयलाई अब सूचना प्रवाहको कामलाई प्रविधि अड्डाको रुपमा विकास गर्नु पर्ने बताउनुभयो। सूचना आदानप्रदानमा हुलाकको विगत देखि अहम भूमिका रहेको उल्लेख गर्दै प्रजिअ न्यौपानेले अब हुलाकको सेवालाई युगले माग गरे अनुसार सेवा दिनु पर्ने न्यौपानेले बताउनुभयो। नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक कुमारी बराल गौतम, नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष भुवनेश्वर उपाध्याय, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष चन्द्रविक्रम शाही, भूमे गाउँपालिका–८ का वडाध्यक्ष दिनेश रोका लगायतले पनि हुलाक सेवालाई प्रविधि सेवामै रुपान्तरण गर्नु पर्ने सुझाव राख्नु भएको थियो। टिकटलाई अनलाइन मार्फत सेवा प्रवाह गर्नु पर्ने माग राख्नु भएको छ। जिल्ला हुलाक कार्यालयका निमित्त प्रमुख हर्कबहादुर शाहीले अन्तरक्रियामा आएको सुझावलाई माथिल्लो निकायमा सुझाव पठाउने बताउनुभयो। सरोकारवाला निकायको सुझावलाई माथिल्लो निकायले सम्बोधन गर्नु पर्ने शाहीले बताउनुभयो। जिल्ला हुलाक कार्यालयका निमित्त प्रमुख हर्कबहादुर शाहीको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथिमा जिल्ला समन्वय समितिका उपप्रमुख मोहनबहादुर केसीको रहेको थियो। विशेष अतिथिमा भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मी र प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेको रहेकोमा थियो। अन्तरक्रिया कार्यक्रममा जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, जिल्ला स्थित संघसंस्थाका प्रमुख तथा प्रतिनिधि लगायत जिल्ला स्थित नागरिकको उपस्थिति रहेकोमा कार्यक्रममा स्वागत मन्तव्य हुलाक कार्यालयका खरिदार विरेन्द्र ओलीले गर्नु भएकोमा कार्यक्रमको सञ्चालन जिल्ला हुलाक कार्यालयका सूचना अधिकारी कमल पौडेलले गर्नु भएको थियो।

**स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि**
**निम्न कुरामा ध्यान दिऔं ।**

- नियमित रूपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं।
- खुला दिसा नगर्ने, प्रयोगशाला वा शौचालय प्रयोग गरौं।
- प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं।
- छोराछोरीलाइ विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं।
- घरेलु हिंसा, मदिरा दुरूपयोग र लैंगिक विभेदको विरुद्ध आवाज उठाऔं।
- अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं।
- स्थानीय सरकारद्वारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔ।
- समाजमा सहिष्णुता, आपसी सद्भाव र सहकार्यको भावना फैलाऔं।

सजग नागरिक – समृद्ध गाउँपालिका ।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम पूर्व

वर्ष ६ अङ्क ४२ २०८२ असार २२ आईतबार

# विद्यालयमा पोशाक वितरण : दुई विद्यालयका २३८ बालबालिका लाभान्वित



❖ *सा्प्ताहिक संवाददाता*

रुकुमपूर्वको भूमे गाउँपालिकामा आर्थिक अवस्था कमजोर भएकाले विद्यालयमा पढ्न कठिन भइरहेका बालबालिकालाई लक्षित गर्दै भूमे गाउँपालिका–४ नम्बर वडा कार्यालयले मंगलबार दुई विद्यालयका २ सय ३८ विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरेको छ। पोशाक वितरण जनशक्ति माध्यमिक विद्यालय र जनविकास आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई गरिएको हो। कार्यक्रमका लागि करिब पाँच लाख रुपैयाँ बजेट विनियोजन गरिएको वडा सचिव दुर्गा पुन मगरले जानकारी दिनुभयो।

"कुनै पनि बालबालिका आर्थिक अभावका कारण शिक्षाबाट बञ्चित नहोस् भन्ने उद्देश्यले पोशाक वितरण गरेका हौं," सचिव पुन मगरले भन्नुभयो, "यो प्रयासले उनीहरूको पढाइप्रतिको लगाव बढ्नेमा हामी विश्वस्त छौं।"

जनशक्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक धनेस थापाले वडा कार्यालयको पहललाई 'सराहनीय र अनुकरणीय' बताउनुभयो। उहाँले भन्नुभयो, "यो सहयोगले विद्यार्थीमा अनुशासन, आत्मविश्वास र समानताको भावना विकास हुनुका साथै अभिभावकको आर्थिक भार समेत कम भएको छ। अब समुदायको विश्वास पनि विद्यालयप्रति अझै बढेको छ।"

कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष श्यामप्रसाद बुढाले आगामी दिनमा शिक्षा, स्वास्थ्य र सामाजिक विकासप्रति वडाले अझ प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो। "विद्यार्थीहरू आत्मसम्मान, अनुशासन र शिक्षाको बाटोमा अघि बढून् भन्ने हाम्रो चाहना हो," अध्यक्ष बुढाले भन्नुभयो, "त्यसैले वडाभित्रका सबै बालबालिकालाई शिक्षामा पहुँच पुगोस् भन्ने सोचसाथ यस्तो अभियान सञ्चालन गरिएको हो

"स्थानिय तहबाट शिक्षामा गरिएको यो सहयोग समुदायमा सकारात्मक सन्देश प्रवाह भएको भन्दै विद्यालय प्रशासन र अभिभावकहरूले वडा कार्यालयप्रति आभार व्यक्त गरेका छन्।

भूमे साप्ताहिक
स्वास्थ्य ९
वर्ष ६ अङ्क ४२ २०८२ असार २२
आईतबार

# भूमेमा डेङ्गु नियन्त्रण सम्बन्धी अभिमुखीकरण



❖ ***साप्ताहिक संवाददाता***

रुकुमपूर्वको भूमे गाउँपालिकामा वर्षायाममा वृद्धि हुने डेङ्गुसं क्रमणको जोखिमलाई ध्यानमा राख्दै अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। आज आईतवार स्वास्थ्य कार्यालय रुकुमपूर्व र भूमे गाउँपालिका स्वास्थ्य शाखाको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा गाउँपालिका भित्र रहेका १४ वटै स्वास्थ्य चौकीका स्वास्थ्य कर्मीलाई अभिमुखीकरण दिएको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख उपेन्द्र यादवले जानकारी दिनुभयो। कार्यक्रममा स्वास्थ्यकर्मीलाई डेङ्गु रोगका कारण, लक्षण, रोकथामका उपाय र जोखिम न्युनिकरणसम्बन्धी व्यावहारिक जानकारी प्रदान गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य कार्यालय रुकुमपूर्वका सूचना अधिकारी निमप्रसाद गिरिले सहजीकरण गर्नुभएको थियो। "डेङ्गु नियन्त्रणका लागि समुदायमै पुगेर जनचेतना फैलाउनु अहिलेको आवश्यकता भएको गिरीले बताउनु भएको छ। उक्त कार्यक्रमा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले संक्रमण फैलिन नदिन सबै स्वास्थ्यकर्मी र स्थानीय तह सचेत र सक्रिय हुनुपर्नेमा जोड दिनुभएको छ। डेङ्गुजस्ता संक्रमणले गाउँमा ठुलो प्रभाव पार्न हुदाँ समयमै आवश्यक सतर्कता अपनाउदै गाउँपालिकाले स्रोत साधन र सहकार्यमा कुनै कमी नहुने बताउनु भएको छ। स्थानीय तहमा डेङ्गु नियन्त्रणका लागि सरसफाइ, पानी जम्न नदिने, लामखुट्टे टोकाइबाट जोगिने र समयमै उपचार खोज्ने जस्ता उपायबारे समुदायलाई जानकारी दिई नागरिक समक्ष सूचना प्रवाह गर्ने भएको छ। उक्त कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सविना बुढामगर, स्वास्थ्य कार्यालय रुकुमपूर्वका कोल्चेन निरिक्षक मनोजकुमार श्रेष्ठ लगायत गाउँपालिकाको कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# स्थानीय तहमा न्यायिक समिति : न्याय नजिकको सरकार



**मिना ओली**
**कानुन सहायक**

नेपालको संविधानले स्थानीय सरकारलाई मात्र सेवा प्रदायक हैन, न्याय वितरण गर्ने निकायको रुपमा समेत परिभाषित गरेको छ। यही संवैधानिक व्यवस्था अनुसार गाउँपालिका तथा नगरपालिकामा न्यायसम्बन्धी कार्य गर्न 'न्यायिक समिति' गठन गरिन्छ।

संविधानको भाग १७ को धारा २१७ अन्तर्गत गाउँपालिका वा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने प्रावधान छ।

## संरचना र उद्देश्य

न्यायिक समिति सम्बन्धित स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा गठन हुन्छ भने बाँकी दुई सदस्य गाउँसभा वा नगरसभाबाट निर्वाचित गरिन्छन्। यस समितिको मुख्य उद्देश्य भनेको जनताको नजिक रहेर तिनीहरूको दैनिक जीवनसँग सम्बन्धित साना तर संवेदनशील विवादको समाधान गर्नु, मेलमिलाप गराउनु र न्यायको अनुभूति दिलाउनु हो।

### न्यायिक समितिको व्यवहारिक महत्व

- न्यायिक समिति कुनै पनि स्थानीय तहमा न्यायको पहिलो खुड्किलो हो। यसले गाउँ–सहरमै बसेर न्यायिक प्रक्रिया प्रारम्भ गर्ने वातावरण दिन्छ। यसको व्यवहारिक महत्वलाई तलको बुँदागत रूपमा प्रस्ट्याउन सकिन्छः

न्यायमा सहज पहुँच : स्थानीय स्तरमै नागरिकले आफू भोगेका समस्या सजिलै उजुर गर्न सक्छन्। अदालत धाउनुपर्ने झन्झट हटाउँछ।

- छिटो, सस्तो र सरल न्याय : थोरै खर्चमा, छोटो समयमा र न्यूनतम प्रक्रियाबाट न्याय मिल्ने भएकोले सर्वसाधारणको चासो बढेको छ।
- समाजमा मेलमिलाप प्रवर्द्धन : झैंझगडाबाट अदालततिर नलगी सामाजिक मेलमिलापको संस्कृति विकास गर्न सहयोग पुर्‍याउँछ।
-
- अदालतको कार्यभार न्यूनीकरण : अदालतमा जानुपर्ने स-साना मुद्दा स्थानीय तहमै समाधान हुँदा उच्च अदालतको चाप घट्छ।
- सामाजिक स्थायित्वमा योगदान : न्यायसम्बन्धी निर्णयहरू स्थानीय जनप्रतिनिधिको संयोजनमा हुँदा नागरिकमा विश्वास र आत्मसन्तुष्टि बढ्छ।
- **अन्धविश्वास र कुरितिको अन्त्य** : परम्परागत सोचभन्दा न्यायको विवेकपूर्ण आधार प्रस्तुत गर्दै सचेत समाज निर्माणतर्फ टेवा पुग्छ।
- द्वन्द्वको समयमै निरुपण : स-साना विवादहरू समयमै समाधान हुँदा दीर्घकालीन द्वन्द्वमा रूपान्तरण हुने सम्भावना न्यूनीकरण हुन्छ।

न्यायिक समिति भनेको स्थानीय सरकारको न्यायिक अनुहार हो। संविधानले दिएको यो संयन्त्रले गाउँघरमै 'न्याय सरकारको नजिक' भन्ने अवधारणा व्यवहारमा उतार्न मद्दत गरेको छ। यसको प्रभावकारी कार्यान्वयनले जनतामा न्यायप्रतिको विश्वास, शासनप्रतिको आश्वस्तता र समाजमा मेलमिलापको आधार बलियो बनाउँछ।

आज आवश्यकता के हो भने, न्यायिक समितिलाई अझ सशक्त, व्यावसायिक र स्रोतसाधनले भरिपूर्ण बनाइनु पर्छ, ताकि संविधानको मर्मअनुसार न्याय सबैका लागि सुलभ बनोस्।




**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रूकुम पूर्वको सूचना**

सफा र शुद्ध पानीको उपयोगले स्वास्थ्य र जीवनशैलीमा प्रत्यक्ष सुधारले हाम्रो जीवन स्वस्थ रहन्छ।खानेपानीको मुहानहरुमा सरसफाइमा अल्प ध्यानले पनि गम्भीर रोगहरू निम्त्याउन सक्छ।रोग निम्तिन दिन भन्दा पहिले हामी सबै सचेत हुन जरुरी रहेको छ।खानेपानीको उचित हेरचाह उमालेर वा फिल्टर गरेर पिउँदा हाम्रो परिवार र समुदायलाई रोगबाट बचाउन महत्वपूर्ण भूमिका खेल्छ।यसैले, स्वस्थ जीवनका लागि स्वच्छ पानी र सरसफाइमा निरन्तर जागरूकता र सही अभ्यास अपनाउनु आवश्यक छ।

**स्वच्छ खानेपानी, स्वस्थ जीवन।**

- स्वच्छ पानी पिउँ, स्वस्थ रहौं।
- खानेपानीको मुहान सफा राखौं, रोगबाट जोगिऔं।
- खानेपानी सरसफाइ अभियानमा सक्रिय सहभागी बनौं।
- जहिले हामी सबैले सफा र शुद्ध पानी मात्रै पिउँ।
- मुहानहरू सुरक्षित राखौं, पानी उमालेर वा फिल्टर गरेर मात्र पिउँ।

**पूर्ण सरसफाई प्राप्तिको लागि निम्न कुराहरू अवलम्वन गरौं।**

- दिसापिसावका लागी चर्पिको मात्र प्रयोग गरौं।
- महत्वपुर्ण अवस्थाहरूमा (दिशापिसाव पछि,खाना पकाउनु अघि,खाना खानु अघि)साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्दिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।
- सुरक्षित खानाको प्रयोग गरौं।
- घरभित्र र बाहिरका तरल पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यपस्थापन गरौं।

भूमे साप्ताहिक
लोकसेवा
१२
वर्ष ६ अङ्क ४२ २०८२ असार २२ आईतबार

# लोकसेवा तयारी विशेष : वस्तुगत प्रश्नोत्तर

**१. सुदूरपश्चिम प्रदेशलाई साक्षर प्रदेश घोषणा कहिले गरिएको हो ?**

- विसं २०८२ असार १२ प्रदेशको नौ वटै जिल्लामा रहेका १५ देखि ६० वर्ष उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ९६.१९ प्रतिशत रहेको तथ्याङ्कको आधारमा सुदूरपश्चिम प्रदेश सरकारले साक्षर प्रदेश घोषणा गरेको।

**२.गोपालप्रसाद रिमाल पुरस्कार– २०८२ बाट सम्मानित हुने स्रष्टा को हुनुहुन्छ ?**

- **कवि मञ्जुल (मेघराज शर्मा नेपाल)**

**३.मधेश प्रदेशको सदरमुकाम जनकपुरमा प्रथम राष्ट्रिय शिक्षा सम्मेलन कहिले सम्पन्न भएको हो ?**

- विसं २०८२ असार १०/११

**४.'एक पालिका एक खेल मैदान' सुरु गर्ने प्रदेश कुन हो ?**

- लुम्बिनी प्रदेश

**५. जुम्लाको सिञ्जा गाउँपालिकालाई पोषणमैत्री स्वास्थ्य संस्था गाउँपालिका घोषणा कहिले गरिएको हो ?**

- विसं २०८२ असार ९

**६नेपाल सरकारले राष्ट्रिय खेलकुद नीति २०८२ कहिले स्वीकृत गरेको हो ?**

- विसं २०८२ असार ९

**७. विकासका लागि वित्तपोषण ('फाइनान्सिङ फर डेभलपमेन्ट') सम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन प्रधानमन्त्री केपी शर्मा ओली कहिले स्पेन प्रस्थान गर्नुभएको हो ?**

- विसं २०८२ असार १४ (स्वदेश फिर्ती : असार २०)संयुक्त राष्ट्रसङ्घद्वारा आयोजित सो सम्मेलन स्पेनको सेविला सहरमा सन् २०२५ जुन ३०–जुलाई ३ सम्मका लागि तय गरिएको।

**८. सङ्घीय निजामती सेवा विधेयक प्रतिनिधि सभाबाट कहिले पारित भएको हो ?**

- विसं २०८२ असार १५ असार १५ गते सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको प्रस्तावमा विधेयक सभाले बहुमतले पारित भएको।

**९.विश्वका आठ हजार मिटरभन्दा अग्ला सबै १४ हिमालको सफल आरोहण गर्ने पहिलो नेपाली महिला को हुन् ?**

- दावा याङ्जुम शेर्पा (दोलखा)

**१०.साउथ एसियन ट्राभल अवार्डस् (साटा), २०२४ मा भिजिटर्स च्वाइस अवार्ड अन्तर्गत गोल्ड अवार्ड जित्ने एयरलायन्स कुन हो ?**

- श्रीलङ्कन एयरलायन्स

***प्रस्तुतकर्ता : टङ्क केसी***

# आशा युवासँग भविष्यको



❖ *रमेशकुमार अधिकारी*

**विकासको अगुवाइ मानिसले गर्छ। यसर्थ मानवस्रोतलाई मानव पुँजीमा रूपान्तरण गर्नु नै विकासको पहिलो सर्त हो।**

नेपालको निशान छापमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' अर्थात् 'आमा र जन्मभूमि स्वर्गभन्दा पनि महान् छन्' भन्ने आदर्श वाक्य अंकित छ। नेपालीलाई युगौंयुगसम्म कर्तव्यबोध गराउने यो आदर्श वाक्यलाई हृदयमा सजाएर नेपालीहरू जन्मभूमिको सेवामा जुट्नुपर्ने समयको माग छ। यसोगर्दा नेपालीहरूको पौरख पसिना स्वदेशकै माटोमा मिसिन्छ। उत्पादन वृद्धि हुन्छ। व्यक्तिको उन्नति हुन्छ। राष्ट्रको पनि प्रगति हुन्छ। सामान्य अर्थमा विकास राम्रोबाट अझ राम्रो अवस्थामा पु¥याउने प्रक्रिया हो। मूलतः राजनीतिक, सामाजिक, आर्थिक, भौतिक र वातावरणीय विधालाई विकास प्रक्रियामा समेटिन्छ। आर्थिक समृद्धिको लक्ष्य हासिल गर्नु नै विकासको सर्वोपरि ध्येय हो। विकासको अगुवाइ मानिसले गर्दछ। यसर्थ मानवस्रोतलाई मानव पुँजीमा रूपान्तरण गर्नु नै विकासको पहिलो सर्त हो। स्वदेशमा मानव पुँजी निर्माण र परिचालनबाट पश्चिमा देशहरू पहिले नै धनी भए। यही प्रक्रियाबाट अघि बढ्दा एसियाली मुलुकहरू जापान र सिंगापुरले छोटो अवधिमै आफूलाई विकसित तुल्याउन सके। दक्षिण कोरिया, मलेसियाले पनि विकासशील राष्ट्रको अग्रपंक्तिमा आफूलाई उभ्याए। पछिल्ला दशकमा चीन र भारतले मानव पुँजीकै बलमा आर्थिक विकासमा रफ्तार बढाइरहेका छन् र विश्वकै ठूलो अर्थतन्त्र बन्ने होडबाजीमा छन्।

नेपालको विकास यात्राको आरम्भ औपचारिक रूपमा सात दशक अघिबाट भएको हो। सात दशकमा हासिल भएको उपलब्धिले हाम्रो देश अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने अवस्थामा पुगेको छ। सन् २०२६ को प्रारम्भदेखि यो स्तरोन्नति लागू हुनेछ। यो नेपालीहरूका लागि सन्तोषको विषय हो। तर योजनाबद्ध विकासको लामो यात्रामा लागेको समय, लगानी र मुलुकको शिरमा रहेको ऋणको भारको तुलनामा हासिल भएको उपलब्धि र त्यसबाट

नेपाली जनतालाई मिलेको लाभलाई दाँज्दा विकासमा छलाङ मारेको भनेर हर्षित हुने अवस्था छैन। उद्योग गर्नाले दरिद्रता हुँदैन, जप गर्नाले पाप हुँदैन, मौन बसेमा झगडा हुँदैन र जागा रहेमा भय हुँदैन देशलाई उद्योगी र पौरखी युवाहरूको खाँचो छ।

विकासका लागि जनसंख्याको बनोटमा युवा बाहुल्यलाई स्वर्णकाल मानिन्छ। नेपालको वर्तमान जनसंख्याभित्र युवाको हिस्सा अधिक छ। यस आधारमा स्वर्णकाल चलेको छ। अर्थात् जनसांख्यिक लाभको उत्तमकाल छ। तर यो लाभ पनि हासिल भइरहेको छैन।



यसो हुनुमा नेपाली मानवस्रोत मानव पुँजीमा रूपान्तरण र स्वदेशमा परिचालन हुन नसकेर हो भन्ने अनुमान गर्न सकिन्छ। अहिले जेनतेन १२ कक्षा पढ्दासम्म स्वदेशमा रोकिने र त्यसपछि विदेश गइहाल्ने मनोविज्ञानले सबै किशोर तथा युवालाई ग्रस्त बनाएको अवस्था छ।

यो बाध्यता हो कि आवश्यकता अथवा विदेशमोह के भन्ने रु जे भए पनि विदेश पलायनले परिवार, समाज र राष्ट्रको जीवनमा धनको टेको त मिलेको छ तर खुसीमा खडेरी पर्ने गरेको विभिन्न घटनाक्रमले पुष्टि गर्दै गएका छन्।

वास्तविकता के पनि छ भने युवाहरूको विदेशमोहलाई तत्काल विच्छेद गर्न सक्ने परिस्थिति पनि छैन। मुलुकको वर्तमान परिस्थितिका सम्बन्धमा विभिन्न कोणबाट विश्लेषण गरेर सम्भावना पहिल्याउन उचित हुन्छ जस्तो लाग्छ। विद्यमान परिस्थितिलाई राजनीतिक कोणबाट केलाउँदा नेताहरूप्रति नागरिक गुनासा र आक्रोश उच्च तहमा प्रकट भएको पाइन्छ। सामाजिक रूपमा हेर्दा शिक्षित, सक्षम तथा नेतृत्व दिन सक्ने जनशक्तिको उत्पादनमा राज्यको लगानी न्यून भएको देखिन्छ। आर्थिक रूपमा नियाल्दा उत्पादन सहयोगी पूर्वाधारहरू थपिँदै जाँदा पनि उद्यमशीलताको लहर चल्न सकेको छैन।

लगानी, उत्पादन, रोजगारी र आयआर्जनको चक्रले गति लिन सकेको पाइँदैन। व्यापार प्रधान अर्थतन्त्रमा राज्यको आम्दानी निर्भर छ।

गुनासा र निराशाको जति चाङ लागे पनि तिनको व्यवस्थापन लोकतान्त्रिक विधि र प्रक्रियाबाटै गर्नु उचित हुन्छ। यस सन्दर्भमा उज्यालो पक्ष के छ भने हाम्रो मुलुकमा लोकतान्त्रिक प्रणाली विद्यमान छ।

राजनीति नसुध्रिँदासम्म देश सुध्रँदैन भन्ने मान्यताबाटै नेपालीहरूले अनेक आरोह–अवरोहको लामो शृंखला व्यहोरेका हुन्। २०७२ असोज ३ मा वर्तमान संविधान जारी हुँदा अब त सुदिन सुरु होलान् भन्ने आशा जागेको हो। आवधिक निर्वाचनका माध्यमबाट राजनीतिमा युवाहरूले अवसर पाउँलान्, प्रतिस्पर्धा

जितेर शासनको नेतृत्वमा पुग्लान् र आमनेपालीले चाहेअनुसारको शासन व्यवस्था सञ्चालन होला भन्ने अनुमान गरिएको हो। तर शिक्षित, दक्ष, ऊर्जाशील युवाहरूको ठूलो हिस्सा विदेशमा भएका कारण राजनीतिमा युवाको हस्तक्षेपकारी सहभागिता अहिलेसम्म हुन सकेको छैन। यसकारण शासकीय ढाँचा नयाँ स्वरूपको निर्धारण गरे पनि शासन सञ्चालनमा पुरानै शैली र संस्कारको प्रभाव छ। तीन तहका सरकारलाई सहअस्तित्वको मर्यादा दिए पनि अग्रज र अनुजको व्यवहार हुने गरेको छ। गुनासा र निराशाको जति चाङ लागे पनि तिनको व्यवस्थापन लोकतान्त्रिक विधि र प्रक्रियाबाटै गर्नु उचित हुन्छ। यस सन्दर्भमा उज्यालो पक्ष के छ भने हाम्रो मुलुकमा लोकतान्त्रिक प्रणाली विद्यमान छ।

आवधिक निर्वाचनले लोकतन्त्रलाई जीवन्त तुल्याइराखेको छ। संसद् तथा सरकारमा रहेका जनप्रतिनिधिउपर प्रकट भएका गुनासा 'जसको जिम्मा, उसको जवाफ'को तरिकाबाट सुनुवाइ हुँदै जाला। किनकि लोकतन्त्रले यही मान्यता राख्छ। यदि भएन छ भने पनि पाँचपाँच वर्षमा हुने आवधिक निर्वाचनले नेतृत्व परिवर्तनको अवसर दिइहाल्छ। यस आधारमा २०८४ को आवधिक निर्वाचन सम्भावना र अवसर बोकेर नजिक आइरहेको छ। युवा नेतृत्वमा नपुगी युवामैत्री परिवेश बन्न सक्दैन। विकासमा जवानी आउन पनि सक्दैन। यस सन्दर्भमा देश विदेशमा दीक्षित विद्वान्, विनयी, विवेकी र पौरखी नेपाली युवाहरू राजनीतिमा जोडिनु पर्दछ। निर्वाचनमा अनिवार्य सहभागी भएर नेतृत्वमा स्थापित हुनुपर्छ। यसो गर्दा राज्य प्रणालीमा सकारात्मक रूपान्तरण पैदा गर्न सकिन्छ। हामीले अवलम्बन गरेको समावेशी लोकतान्त्रिक प्रणालीले यही आश्वासन दिन्छ। चाणक्य नीतिको उपदेश छ, 'उद्योगे नास्ति दारिद्र्यं जपतो नास्ति पातकम्। मौने च कलहो नास्ति, नास्ति जागरिते भयम्।' यसको अर्थ हुन्छ– उद्योग गर्नाले दरिद्रता हुँदैन, जप गर्नाले पाप हुँदैन, मौन बसेमा झगडा हुँदैन र जागा रहेमा भय हुँदैन। देशलाई उद्योगी र पौरखी युवाहरूको खाँचो छ। नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको पहिचानलाई सार्थक र सम्मानित तुल्याउन सुशासन, विकास र समृद्धि प्राप्ति नै समयले सुम्पेको प्रमुख कार्यभार हो।

उमेरले, शक्तिले, सोचले, सीपले, ऊर्जाले र जाँगरले सशक्त नेपाली युवाहरूको राजनीतिमा हस्तक्षेपकारी सहभागिता समयले माग गरिरहेको छ। यही उपायबाट मुलुकको विकासलाई नयाँ गति र उचाइ दिन सकिन्छ भन्ने लोकको विश्वास छ। त्यसैले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण युवाहरू आगामी निर्वाचन प्रक्रियामा सहभागी भएर नै व्यवस्थालाई गति दिन र अवस्थालाई बदल्न सकिन्छ। यस निमित्त अहिलेदेखि नै दृढ संकल्पित हुनु पर्दछ। वास्तवमा युवा उमेर सोच, वाणी र कर्म गर्न सक्ने उमेर हो। अन्य उमेरमा सोच र वाणी ओजिलो भए पनि कर्म गर्ने शक्ति पुग्दैन। अतः उज्ज्वल भविष्यको आशा युवासँग छ।

वर्ष ६ अङ्क ४२ २०८२ असार २२
आईतबार

# चौंरी लेक

कुनै बेला चर्चामै नरहेको चौंरी लेकमा आजभोलि अन्तरिक तथा बाह्य पर्यटकले भरिन थालेको छ। समुन्द्री सतहबाट चार हजार उचाइमा रहेको चौंरी लेक रुकुम पूर्व जिल्लाको भूमे गाउँपालिका वड न. १ मा पर्दछ। रुकुम पूर्व र बाग्लुङको सिमाना पातिहाल्नेबाट विहानै चौंरी लेक जाने, मज्जाले घुमघाम गरी बेलुकी पातिहाल्नेमै फर्किन सकिन्छ ढोरपाटन शिकार आरक्षको पश्चिम क्षेत्रतिर पर्ने चौंरी लेकबाट सिस्ने, पुथा, धौलागिरि अन्नपूर्ण हिमश्रृंखलाका साथै माछापुच्छ्रे हिमाल पनि देख सकिन्छ। त्यस्तै, लेकवाट ढोरपाटन शिकार आरक्षको पश्चिम क्षेत्रतिर पुथा उत्तरगंगका विभिन्न गाउँहरू, दक्षिणमा रोल्पाको जलजला,जन्तरे, कोठी भिरलगायत प्यूठानका विभिन्न ठाउँहरूको पनि अवलोकन गर्न सकिन्छ।

हिउँद याममा हिउँले छोपिने चौंरी लेकमा वर्षायामना रंगीविरंगी फूलहरु फुल्ने गर्दछन्। आजभोली असार महिना लागेसंगै पाटनहरुमा मनमग्न भएको देखिन्छ। बुकी चरनको लागि पनि उपयुक्त ठाउँ चौंरी लेकलाई मानिन्छ। असारको पहिलो हप्तादेखि भदौ अन्तिम साताऩम्न यो लेकमा भेडी गोठ बस्छन्। त्यो वेला यहाँ भेडा, बाखा, भैंसी, गाई अनि घोडाहरू पनि हुन्छन्। भेडाका बगाल अनि गोठले यहाँको सुन्दरतालाई झन मनमोहक बनाउने गर्छ।







*तस्विरः दिलचन पुनमगर*